स्वास्थ्य

# होमियोप्याथिक चमत्कार

❑ डा. जे.बी.सुब्बा
बेतगड़ा, सिलगढ़ी।

**... यो होमियोप्याथिक उपचार वृद्ध, जवान साथै साना नानीहरू सबैका लागि अति लाभदायक हुन्छ। झन् साना विरामी नानीहरूका निम्ति होमियोप्याथिक औषधिहरू प्रभावकारी हुन बाहेक खुवाउनुमा पनि खूबै सजिलो हुन्छ। निको नहुने वा नभएका रोगले पीड़ित अन्तिम चरणमा पुगेका विरामीहरूका पीड़ा कम गराउनमा होमियोप्याथिक औषधिहरू खूबै परोपकारी हुन्छन्। ...**

पच्चीस वर्षसम्मको मेरो लामो होमियोप्याथिक अभ्यास साथै होमियो उपचार सम्बन्धी सहस्र पुस्तकहरूको अध्ययनलाई मन्थन गरी यो सानो लेख लेख्ने प्रयास गरेको हुँ ताकि यसबाट सर्वलाभ पुऱ्याउन म सक्षम बन्नसकूँ।

विभिन्न उपचार पद्धतिहरूमध्ये होमियोप्याथिक उपचार एउटा सस्तो, सुगम औ कुनै प्रकारको प्रतिकूल असर नभएको उपचार पद्धति हो। यो उपचार पद्धतिका जन्मदाता जर्मनीका एक एलोप्याथिक डाक्टर हेन्नेमेन थिए। एलोप्याथिकका भयावह असरहरू देखेर तिनले यो नयाँ उपचार पद्धति होमियोप्याथिक आविष्कार गरे, जो अहिले विश्वमा एउटा सजिलो सस्तो वैकल्पिक उपचार पद्धति भनी अभ्यास भइरहेको पनि तीन सय वर्ष हुँदैछ। होमियोप्याथिकमा प्रयोग हुने मसिना-मसिना दानाहरू देख्दा एलोप्याथिकका ठूला-ठूला ट्याबलेट, क्याप्सुलहरू खाने बानी भएको हुनाले पहिला-पहिला त मलाई होमियोप्याथिकमाथि विश्वास लागेन। तपाईंहरूमध्ये कतिलाई पनि यस्तै लाग्दो हो वा भइरहेको होला; तर यस उपचार पद्धतिका महान् डाक्टरहरूका आ-आफ्ना अभ्यास औ दीर्घकालीन अनुभवहरू उल्लेख गरिएका पुस्तकहरूको लगातार अध्ययन गर्दै साथै आफैले पनि होमियोप्याथिक उपचार गरी धेरै धेरै विरामीहरू निको पारेको हुँदा होमियोप्याथिक उपचारमाथि विस्तारै विस्तारै मेरो विश्वास बढ्न थाल्यो। यही विश्वास औ निरन्तर अभ्यासको फलस्वरूप म एक सफल होमियोप्याथिक डाक्टर भएँ भन्न हिच्किचाउँदिनँ। शल्य चिकित्सा गराउनैपर्ने वा तत्काल अक्सीजन, रगत इत्यादि दिनैपर्ने रोगहरूबाहेक अन्य सबै रोगहरू होम्योप्याथिक उपचारद्वारा सजिलैसँग सस्तोमा ठीक गर्नसकिने रहेछ भनी म पूर्ण विश्वस्त छु।

यो होमियोप्याथिक उपचार वृद्ध, जवान साथै साना नानीहरू सबैका लागि अति लाभदायक हुन्छ। झन् साना विरामी नानीहरूका निम्ति होमियोप्याथिक औषधिहरू प्रभावकारी हुन बाहेक खुवाउनुमा पनि खूबै सजिलो हुन्छ। निको नहुने वा नभएका रोगले पीड़ित अन्तिम चरणमा पुगेका विरामीहरूका पीड़ा कम गराउनमा होमियोप्याथिक औषधिहरू खूबै परोपकारी हुन्छन्। निको हुनसक्ने सबै रोगहरू सठीक होमियोप्याथिक औषधिको सेवनले निको नभए सो विरामीको शरीरमा घातक रोगहरू जस्तै- टीबी, क्यान्सर, एड्स जस्ता रोगहरू बाधक बनेका हुनसक्छ अथवा उक्त विरामीको शरीरको कुनै भित्रीय अङ्ग घाउ भई सड्न लागेको सङ्केत गर्छ। यस्ता विरामीहरूलाई निको पार्नका लागि उक्त उल्लेखित घातक रोगहरू पत्तो लगाई प्रभावशाली सठीक होमियोप्याथिक औषधिहरू दिएर ती घातक छद्मभेषधारी बाधक रोगहरूलाई निर्मूल पार्नु अति आवश्यक पर्दछ। त्यस उप्रान्त मात्र उक्त रोगीहरूका अन्य विमारको उपचार गर्नुपर्छ। यस्ता बाधक बनेर गुप्त रहेका घातक रोगलाई होमियोप्याथीको भाषामा मियाज्म (Miasm) भनिन्छ अनि यस्ता घातक रोगले पीड़ित रोगीहरूलाई मियाज्मले ग्रसित रहेछ भनी चिन्हित गरिन्छन्।

विशेष गरीब-दुःखी रोगीहरूलाई सस्तोमा होमियोप्याथिक उपचारद्वारा सेवा गर्ने अभिप्राय:ले मेरो पहिलाको निवास स्थान पेदोङमा सन्त मेरिज होमियो क्लिनिक (ST. MARY'S HOMOEO CLINIC) नामकरण गरी सन् ११९० -मा एउटा क्लिनिक खोलें, जहाँबाट पेदोङ छेउछाउका गाउँहरू साथै कालेबुङ औ सिक्किमका रेसी, रिनाक, रङ्गेली, चालिसे क्षेत्रका रोगीहरूलाई मैले धेरै लाभ पुऱ्याउन सकें। वर्ष २०१३ -मा यहाँ बेतगड़ामा बसाइँ सरी उक्त नामको होमियो क्लिनिक खोली धेरभन्दा धेर विरामीहरूको सेवा गरिरहेछु। यहाँ पनि होमियोप्याथिक उपचारद्वारा बेतगड़ा, सालुगड़ा, सिलगढ़ी अनि सौरेनी-मिरिक क्षेत्रका विभिन्न रोगहरूले ग्रसित रोगीहरूलाई स्वस्थ बनाउनमा म सक्षम बनेको छु। एलोप्याथिक उपचारद्वारा स्वस्थ नभएका वा हुन नसकेका कतिपय विरामीहरूलाई पनि हामियोप्याथिक उपचारद्वारा स्वस्थ बनाउन सकेकोमा कहिलेकाहीं आफैलाई निकै ठूलै डाक्टर भएछु जस्तो लाग्छ अनि तत्काल परमेश्वरलाई धन्यवाद दिन सल्बलाउँछु।

मैले अहिलेसम्म प्रायः सय प्रतिशत नै निको पार्नसकेका रोगहरू हुन्- (१) हातखुट्टा, घुँड़ा औ कम्मर दुख्ने रोगहरू (२) हर्षा (Piles) (३) घाँटीका रोगहरू (४) हात-खुट्टादेखि लिएर सम्पूर्ण शरीर सुन्निने (५) ग्यास्ट्रिक (Gastritis) (६) आधा कपाले (Migraine) (७) रक्तचाप (८) नशा बटारिने, फुल्लिने (९) गोट-गठिया (१०) साइटिका (११) मासिक धर्मको गड़बड़ी (१२) पुरानो खोकी (१३) विभिन्न चर्म रोगहरू जस्तै- लुतो, दाद, डण्डीफोर, मूसा (१४) श्वेत प्रदर (१५) दुबे (१६) सुजाक-भिरिङ्गे (१७) फिस्टुिला (१८) हाइड्रोसिल (१९) एलर्जी (२०) जनेन्द्रियका रोगहरू (२१) लहमुते (Haematuria) इत्यादि इत्यादि।

मेरा धेरै-धेरै मित्रहरूमध्ये होमियोप्याथिक मेरो जीवनमा एक परम मित्र हुनगएको छ। परम मित्रले झैं यसले मलाई ठूलो गुण गरेको छ, विभिन्न रोगहरूबाट मुक्ति दिलाएर अहिलेसम्म। म आफै गाउटको विरामी भएको हुनाले यसले सताउनसाथ होमियोप्याथिक औषधिहरू सेवन गर्छु। प्रायः चौबीस घण्टामा ठीक भइहाल्छु। होमियोप्याथीले यसरी नै मलाई एउटा ठूलो गुण गरेको छ, जसको संक्षिप्त जानकारी दिन मनपऱ्यो।

प्रायः पाँच वर्ष अघि मलाई आँखाको रोग टेरिज्म (Pterysm) भएर मैले निकै नामी हस्पिटलमा यसको उपचार एवं अपरेशन गराएँ। आँखा के कति राम्रो भयो, सो त भन्न सक्तिनँ तर अपरेशन गरेको एक महीनापछि मेरो आँखामा अर्को रोग लाग्यो, जसको कारणले गर्दा एउटा चम्कने वस्तु दुइवटा देख्न थालें। यो रोगलाई डिप्लोपिया (Diplopia) भनिन्छ। बिजुलीको बलेको एउटा बल्ब जस्तो चम्किला वस्तुलाई दुइवटा देख्नथालेपछि उदास भई होमियोप्याथिक पुस्तकमा यो रोगको औषधि खोजें अनि फेला पारें औषधि गेलसेमियम (Gelsemium)। उदासी हृदय लिई विश्वासको साथ यो औषधि तीन महीनासम्म लगातार खाएँ अनि एक दिन मेरो आँखा कत्तिको ठीक भयो भएन भनी बलिरहेको बिजुलीको बल्बलाई हेरें। सधैं दुइवटा देखिने बल्ब आज चाहिँ एउटै मात्र देखें। खुशी लाग्यो। मनमनै भगवान्लाई धन्यवाद दिएँ। मलाई सानै भए पनि होमियो डाक्टर बनाइदिनु भएकोमा। होमियोले कहिलेकाहीं यस्ता चमत्कारी जादूको काम गर्छ, गरेको देखेको छु। अहिलेसम्म मेरो आँखा ठीकै छ।

यसरी नै थुजा (Thuja) नामक होमियोप्याथिक औषधिको प्रयोगले अहिलेसम्मा दुइ सयजनाको भन्दा बेसी मानिसहरूको मूसा (warts) झार्न सफल भएको छु। यो चर्म रोग मूसा शरीरको बाहिर भागदेखि जनेन्द्रियसम्म पनि हुने गर्दछ। यसको मुख्य कारण हो शरीरमा साइकोसिस नामक मियाज्म हुनु। यो मियाज्मले ग्रसित मानिसहरू भविष्यमा ट्युमर वा क्यान्सरले पीड़ित पनि हुने प्रबल सम्भावना देखिन्छ। थुजाको प्रयोग वा सेवनले मूसा झर्नुका साथै उक्त व्यक्तिको शरीरमा भएको साइकोसिस पनि निष्क्रिय (Neutralite) भई हुनेवाला ट्यूमर, क्यान्सरदेखि जोगिन पनि सकिन्छ। यस्तै यस्तै छन् होमियोप्याथिक चमत्कारहरू। यहाँ सर्वस्व विस्तार गर्न असमर्थ छु। यति पढ़ेर (ST. MARY'S HOMOEO CLINIC) सम्झनुभयो भने म मेरो सानो प्रयासले ठूलो काम गरेको सम्झन्छु।

विश्व विचित्र

## यहाँ सड़क बालक-बालिकाले निकाल्छन् पत्रिका, सम्पादक र रिपोर्टर पनि आफैं



कहिलेकाहीं नानीहरूले यस्तो काम गर्दछन् कि त्यो कल्पना पनि गरिएको हुँदैन। जहाँ इच्छा, त्यहाँ उपाय भन्ने उखानलाई चरितार्थ गर्छन् कहिलेकाहीं कलिला उमेरका बालक-बालिकाहरूले।

दिल्लीस्थित गौतम नगरका केही बालक-बालिकाहरुले यस्तै आश्चर्यजनक काम गरेका छन्।

उनीहरूको न त घर छ, न त ठेगाना; तर उनीहरूसँग दृढ़ इच्छा र अक्कल रहेछ, जसको कारण उनीहरूले एउटा मासिक पत्रिकाको प्रकाशन गरिरहेका छन्। उक्त पत्रिकाको नाम हो बालकनामा। उक्त पत्रिकामा काम गर्ने रिपोर्टरदेखि लिएर फोटो पत्रकार र सम्पादक सबै उनै सड़क बालक-बालिकाहरू नै छन्।

यी बालक-बालिकाहरूले दिनभरि खोजीनिधि गरेर बालक-बालिका सम्बन्धी समाचार सङ्कलन गर्दछन्। त्यसपछि बेलुकी एकै ठाउँमा जम्मा हुन्छन्। दिनभरि खोजेर ल्याइएका समाचार जम्मा पारिन्छ। काँटछाँट हुन्छन्।

उक्त पत्रिका बालक-बालिका सम्बन्धी रहेको छ। पत्रिका हिन्दीबाहेक अंग्रेजी भाषामा पनि छापिन्छ। ट्याबलोइड साइजको उक्त पत्रिकामा काम गर्ने धेरै नानीहरूले पत्रिकाबाटै पढ्न, लेख्न शुरू गरेका हुन्।

उक्त पत्रिकामा काम गर्ने बालक-बालिकाहरूको संख्या ५० भन्दा धेर छ। सबैलाई केही न केही जिम्मा दिइएकै छ। कसैले रिपोर्टिङ गर्छन् त कसैले फोटो खिँचेर ल्याउँछन्। दिनभरिका समाचारलाई कम्प्युटरमा लेख्ने र अन्तिम रूप दिने काम केहीले गर्दछन् अनि सम्पादकले सम्पादन गर्दछन्।

प्रत्येक महीनाको २५ तारीखमा पत्रिकाको सम्पादकीय बैठक बस्नेगरेको छ। त्यसमा अन्य ठूला पत्रिकाहरूमा जस्तै समाचार सामग्री, कभर स्टोरी, साजसज्जा आदिको बारेमा छलफल हुन्छ अनि महीनाको अन्त्यमा उक्त मासिक पत्रिका प्रकाशन गरिन्छ - अर्को महीनाको शुरूमा बजारमा जानेगरी। पत्रिकाको मूल्य २ रुपियाँ रहेको छ। यो पत्रिका मोठ ८ हजार प्रति बिक्री हुनेगरेको बताइएको छ।

## कीर्तिमान तोड्दै १४ वर्षे किशोरले उड़ाए जहाज



मानिस कति वर्षको उमेरमा पाइलट बन्नसक्ला? युएईका एक किशोर भने १४ वर्षकै उमेरमा पाइलट बनेर रेकर्ड कायम गरेका छन्।

भारतीय मूलका मन्सुर अनिस विश्वको सबैभन्दा कम उमेरको पाइलट बनेर कीर्तिमान राखेका छन्।

मन्सुरले हालै सेसना १५२ नं. को उड़ानमा रहेको जहाज झण्डै १० मिनटसम्म एक्लै उड़ाए। त्यस क्रममा उनले पूर्ण अनुभवी पाइलटले जस्तै जहाज ह्याण्डल गरेका थिए। यो कीर्तिमानी कार्यसँगै उनलाई प्रशिक्षार्थी पाइलटको लाइसेन्स प्राप्त भएको छ।

उनलाई पाइलट प्रशिक्षण प्रतिष्ठानले प्रशिक्षार्थी पाइलटको लाइसेन्स दिएको छ। मन्सुरका बाबु नागपुरका बासिन्दा हुन् भने काका पाइलट हुन्।

मन्सुरलाई सानैदेखि हवाइजहाजमा निकै चाख थियो। उनले खेलौना पनि हवाइजहाज वा हेलिकप्टरकै चलाउने गर्थे र एकदिन पाइलट बन्ने सपना देखेका थिए। अन्ततः लामो प्रशिक्षणपछि उनले १४ वर्षकै उमेरमा पाइलट बनेर कीर्तिमान कायम गरेका छन्। यसअघि जर्मनीका किशोरको नाममा रहेको यो कीर्तिमान मन्सुरले तोड़िदिएका छन्।

जानिराखौं

### 'जन्ममिति'-बाट थाहा पाउन सकिन्छ

## आफ्नो स्वास्थ्य र स्वभाव

**हाम्रो जन्म दिन, बार, घड़ी, पाला आदिको आधारमा ज्योतिषीय भाग्यफल हेर्ने गरिन्छ। हालै भएको एक सोधले चाहिँ हामी जन्मेको महीनाको आधारमा हाम्रो स्वास्थ्य र स्वभावबारे थाहा हुने तथ्य उजागर गरेको छ। हामी जन्मेको महीनासँग हाम्रो स्वास्थ्य पनि जोड़िने शोधकर्ताको भनाइ छ। यस हिसाबले हाम्रो स्वास्थ्यसँग हामी जन्मने महीनाले पनि अर्थ राख्दछ।**

**जनवरी**

जनवरी महीनामा जन्मिएकाहरूको व्यक्तित्व आकर्षक हुने, सधैं खुशी रहिरहने स्वभाव हुन्छ। श्रममा विश्वास गर्नुका साथै आफ्नो करियरप्रति विशेष झुकाउ रहन्छ। उनीहरू सामाजिक हुनुका साथै नेतृत्व गर्ने क्षमताले पनि परिपूर्ण हुने गर्छन्। जर्मनीमा गरिएको एक सर्वे अनुसार यो महीना जन्मेका व्यक्तिले देब्रे हात प्रयोग गरिएको पाइयो।

**फरवरी**

यस महीनामा जन्मेकाहरूको अद्भुत किसिमको सोच्ने तथा बुझ्ने क्षमता हुन्छ। उनीहरू धेरै खुशी हुने र दुखी हुँदा पनि निकै हतोत्साही भइहाल्ने प्रवृत्तिका हुन्छन्। यस्ता मानिसहरू आफैमा एक रहस्यमयी पनि हुन्छन्। त्यसैले, यस महीनामा जन्मेका व्यक्तिलाई बुझ्न केही असहज पनि हुने गर्छ।

**मार्च**

यस महीनामा जन्मिएकाहरू मिलनसार हुनुका साथै यात्राको सौखिन हुन्छन्। उनीहरू उत्सुक हुनुका साथै उत्साही पनि हुन्छन्। उनीहरूमा विभिन्न जानकारी लिने जोश हुन्छ।

**अप्रेल**

अप्रेल महीनामा जन्मिएका व्यक्तिहरू आकर्षक हुनुका साथै जिद्दी हुने गर्छन्। उनीहरूले आफ्नो रिसलाई काबूमा राख्न सक्दैनन्। २०१२ -मा गरिएको अर्को एक शोध अनुसार यस महीना जन्मेका व्यक्तिहरूमा अर्थराइटिस, अल्सर, स्केलेरोसिस जस्ता रोग हुने सम्भावना अधिक रहँदछ।

**मई**

यस महीनामा जन्मेका व्यक्तिहरू आर्कषक तथा लोकप्रिय हुने गर्छन्। त्यसो त सन्की पनि हुन्छन्। उनीहरू केही गरेरै छोड्ने क्षमता राख्दछन्। यस्ता मानिसले जिन्दगीसित तारतम्य मिलाएर अघि बढ्छन्। ब्रिटेनमा भएको एक शोधलाई आधार मान्ने हो भने यिनीहरूलाई आँखासँग सम्बन्धित समस्या अधिक हुने गर्दछ।

**जून**

जून महीनामा जन्मेका व्यक्तिहरू धेरै जिद्दी तथा एकोहोरो हुन्छन्। उनीहरू आफ्नो रिस सजिलै नियन्त्रण गर्न नसक्ने किसिमका हुन्छन्। उनीहरूको जीवनमा उतार-चढ़ाउ आइरहन्छ। ब्रिटेनमा भएको एक शोध अनुसार जो मानिस जूनमा जन्मन्छन् उनीहरूमा आँखा सम्बन्धी समस्या हुने सम्भावना अधिक रहन्छ।

**जुलाई**

यस महीनामा जन्मिएका व्यक्तिहरूको मन निकै कोमल हुनुका साथै यिनीहरूमा प्रबन्धन गर्ने क्षमता कमालको हुने गर्छ। सन् २०१० -मा हङ्गेरीमा गरिएको एक शोध अनुसार जुलाईमा जन्मने व्यक्तिमा आत्महत्याको प्रवृति दिसम्बरमा जन्मेका मानिसको तुलनामा १४ प्रतिशत धेर हुने गर्दछ। शोधकर्ताहरूले यो निष्कर्ष विमारीको आधारमा नभएर सर्वेको आधारमा गरेका थिए।

**अगस्त**

अगस्त महीनामा जन्मिएका व्यक्तिहरूको दिमाग तेज हुनुका साथै उनीहरूमा पैसाको जोहो गर्ने क्षमता कमालको हुन्छ। पैसा खर्च गर्नमा केही कञ्जुस्याइँ गर्ने गर्छन्। उनीहरू प्रतिभाका हिसाबले कला, साहित्य लगायतका विभिन्न विधामा आफ्नो पहिचान बनाउन सक्षम हुन्छन्। सन् २०१२ -मा एलर्जी जर्नलमा छापिएको एक शोध अनुसार यस महीनामा जन्मने व्यक्तिमा एलर्जीको सम्भावना अधिक रहँदछ।

**सेप्टेम्बर**

सेप्टेम्बर महीनामा जन्मने मानिसहरू अधिक उदारवादी हुनुका साथै अरूलाई सहायता गर्नेमा सधैं अघि रहन्छन्। यिनीहरूमा सिक्ने तथा बुझ्ने क्षमता पनि अन्यको तुलनामा धेर हुने गर्छ। यिनीहरू सङ्घर्ष गर्न डराउँदैनन् भने मिहिनेतमा अधिक विश्वास राख्दछन्।

यिनीहरूको परिवारमा उतारचढ़ाउ आइरहन्छ। यस महीनामा जन्मने मानिसहरूले स्वास्थ्यमा विशेष ध्यान दिन जरूरी छ, किनकि यिनीहरूलाई दम तथा एलर्जी आदि सम्बन्धी समस्याको सम्भावना अधिक रहँदछ।

**अक्टोबर**

यस महीनामा जन्मने व्यक्तिहरू शान्त तथा आकर्षक हुन्छन्। यस्ता व्यक्तिहरू जोखिम मोलेर अरूसित झगड़ा गर्नमा भन्दा आफैमा खुशी रहन उचित सम्झन्छन्।

सन् २०१२-मा बीएमसी मेडिसिनले गरेको एक शोध अनुसार अक्टोबरमा जन्मेका नानीहरूमा पछि गएर मल्टीपल स्क्लेरोसिस, रूमेटाइड आर्थराइटिस, अल्सर आदि जस्ता स्वप्रतिरक्षा तन्त्र सम्बन्धी समस्या हुने सम्भावना उमेरका साथ बढ़ेर जाँदछ।

**नोभेम्बर**

यस महीनामा जन्मेका व्यक्तिहरू अरूको सहायता गर्नमा अधिक विश्वास राख्दछन्। यस्ता व्यक्तिहरू अत्यन्त दयालु तथा परोपकारी हुने गर्छन्। यिनीहरूमा सहन सक्ने क्षमता पनि बढ़ी नै हुन्छ। यस महीनामा जन्मेका व्यक्तिहरू पनि धेरैजसो देब्रे हात प्रयोग गर्ने प्रवृत्तिका हुन्छन्।

**दिसम्बर**

दिसम्बरमा जन्मिएका व्यक्तिहरू अल्छी स्वभावका हुन्छन्। उनीहरू अरूप्रति धेर निर्भर हुन्छन्। उनीहरू अरूसँग तालमेल गरेर अघि बढ्न सक्तैनन्। यिनीहरू आफ्नो भाग्यमा अधिक विश्वास राख्दछन्। यिनीहरूमा आत्महत्याको प्रवृत्ति समेत अधिक हुनुका साथै आँखा सम्बन्धी रोगले ग्रसित हुने गरेको पाइन्छ।

## लेखकहरूलाई अनुरोध

प्रजाशक्ति-मा कुनै पनि लेख, कथा, कविता लगायतका आफ्ना रचनाहरू पठाउँदा स्पष्ट, पन्नाका दुवैपट्टि ठाउँ छोड़ेर लेखिएको हुनुपर्छ। रचनासित लेखकहरूले आफ्ना पासपोर्ट साइज फोटो पनि पठाउन सक्नुहुनेछ। स्तरीय रचनाहरूमा लेखकको फोटोसहित प्रकाशन गरिनेछ।

**- सम्पादक**